नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग

फोन नं.: ०४१ - ५२०१६६
फ्याक्स : ०४१ - ५२०८५०
Email : janakpur@customs.gov.np

## जनकपुर भन्सार कार्यालय

जनकपुरधाम, धनुषा

२०८२।११।१५
प्रमुख भन्सार अधिकृत

### लिलामीको ७ दिने सूचना

यस कार्यालयमा अवैध पैठारी/निकासीको अभियोगमा वादी नेपाल सरकार र प्रतिवादी बेवारीसे भएको भन्सार निकासी/पैठारी अभियोगमा यस कार्यालयमा दर्ता भएको देहाय बमोजिमको मालवस्तु जे जस्तो अवस्थामा छ सोही अवस्थामा भन्सार नियमावली २०६४ को नियम ३६(५) बमोजिम खुल्ला चोलकबोलद्वारा लिलाम बिक्रिगर्नुपर्ने भएको हुदाँ ईच्छुक व्यक्ति, फर्म, तथा संस्थालाई डाँक बढाबढमा भाग लिनको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन मिति २०८२।११।२१ गते र सो पछि २०८२।११।२४ सम्म पनि सार्वजनिक बिदा पर्न गएकोले मिति २०८२।११।२५ गते (सो दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन) दिनको १३:०० बजे देखि १५:०० बजे सम्म यस कार्यालयको परिसरमा डाँक बढाबढ हुनेछ । लिलाम लिन ईच्छुक फर्म/कम्पनीले अनिवार्य रुपमा आयकर, मु.अ. करको दर्ता प्रमाणपत्र, अन्तःशुल्क लाग्ने मालवस्तुको हकमा कारोबार गर्न प्राप्त इजाजत पत्र र आ.ब. २०८१/८२ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ । डाँक बढाबढमा सबै भन्दा बढी अंक कबोल गर्ने फर्म तथा कम्पनीको कबोल रकम स्वीकृत गरिने छ ।कबोल अंक स्वीकृत भएको मितिले ७ दिनभित्र आफुले कबोल गरेको मालवस्तुको मुल्य र सोमा प्रचलित नियमानुसार लाग्ने कर (मू.अ.कर,अन्तःशुल्क) रकम समेत भुक्तानी गरी मालबस्तु उठाई लैजानु पर्नेछ । तोकिएको म्यादभित्र मालबस्तु उठाई नलगेमा भन्सार नियमावली २०६४ को दफा ३६ मा भएको व्यवस्था अनुसार हुने व्यहोरा समेत सुचित गरिन्छ । डाक बढाबढमा आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुने रकम राष्ट्रिय वाणिज्य बैंक जनकपुरमा रहेको  कोष तथा लेखा नियन्त्रक कार्यालय, धनुषाको धरौटी खाता नं १२२०१००१०२०३०००० मा जनकपुर भन्सार कार्यालयको कोड (३०५०३१७०१) मार्फत जम्मा गरी सोको सक्कल भौचर पेश गर्नु पर्नेछ । डाँक स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । अन्य व्यहोरा बुझ्नु पर्ने भएमा कार्यालय समयभित्र यस कार्यालयको मुद्दा शाखामा आइ बुझ्न सकिने छ । यस सुचनामा उल्लेख भए बाहेक अन्य विषयहरु प्रचलित नेपाल कानुन बमोजिम हुने व्यहोरा समेत जानकारी गराइन्छ । यो सुचना भन्सार विभागको website.www.customs.gov.np / janakpur@customs.gov.np मा समेत हेर्न

तपसिल

| सि.नं. | दर्ता मिति | मुद्दा नं. | मालवस्तुको विवरण | प्रतिवेदन मुल्य |
|---|---|---|---|---|
| १ | २०८२।१०।२३ | ०२७२ | ब्लाउजको कपडा ३१ थान (९३० मि.) | ४१८५० |
| २ | २०८२।१०।२५ | ०२७३ | माधुरी साडी १२५ पिस रेडिमेट कुर्ता सुट २८ पिस सिल्क साडी ४३ पिस सुती कुर्ता सेट १० पिस | १०४५०० |
| ३ | २०८२।१०।२६ | ०२७४ | लेजरको रेगजिन रोल ४ रोल सुति साडी १३ पिस सिल्क साडी ११ पिस ब्लाउजको कपडा १४ थोका साडी ७६ पिस | १६४४०० |
| ४ | २०८२।१०।२८ | ०२८० | Hisense कम्पनीको AC २ सेट लेडिज पेटिकोट कपडा ११ थान गम्छा ८८० पिस लेडिज सुट ३६० पिस सल सल १८० पिस | ४६६२८० |
| ५ | २०८२।१०।२८ | ०२८१ | साडी २० पिस ब्लाउज थान ३ रोल कानमा लगाउने स्कार्प ६ प्याकेट (६० पिस) साडी ९० पिस | २२२०० |

ईति सम्वत २०८२ साल ११ महिना १५ गते ०६ रोज शुभम् ।

६
७